# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

चौथो अधिवेशन

बैठक संख्या - १२

## दैनिक कार्यसूची

२०८१ जेठ २२ गते, मंगलबार

बिहान ११:०० बजे

**(सम्भावित)**

**राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफल जारी**

१. आ.व. २०८१/०८२ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल जारी रहने ।

**शोक प्रस्ताव**

२. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुनेः-

**शोक प्रस्ताव**

(क) "नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०६४ सालको संविधान सभामा ताप्लेजुङ्ग निर्वाचन क्षेत्र नं. १ बाट प्रत्यक्ष निर्वाचित र २०७० सालमा समानुपातिक निर्वाचन प्रणाली मार्फत संविधान सभा सदस्यमा निर्वाचित सदस्य, पूर्व श्रम तथा रोजगार र स्थानीय विकास मन्त्री तथा लोकतान्त्रिक आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका सरल एवं मिलनसार व्यक्तित्व सूर्यमान गुरुङको ८२ वर्षको उमेरमा मिति २०८१ साल वैशाख २५ गते मंगलबार उपचारको क्रममा असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा बाँके जिल्ला निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सदस्य तथा नेपालको लोकतान्त्रिक आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका शैयद मेहराज अहमद शाहको ८५ वर्षको उमेरमा मिति २०८१ साल वैशाख २५ गते मंगलबार उपचारको क्रममा असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ग) "वि.सं. २०५८ सालमा नेपाली काँग्रेसका तर्फबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित हुनु भएका साथै नेपालमा भएका हरेक लोकतान्त्रिक आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएका सरल एवं मिलनसार व्यक्तित्व खगेन्द्रराज रेग्मीको ७५ वर्षको उमेरमा मिति २०८१ साल जेठ १ गते मंगलबार असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

पद्म प्रसाद पाण्डेय

महासचिव